राष्ट्रिय परीक्षा बोर्ड

# पदपूर्ति समिति

सानोठिमी, भक्तपुर

## प्रशासन सेवा, अधिकृत स्तर प्रथम श्रेणी

## अधिकृत प्रथम पदको

## खुला तथा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

सेवा : प्रशासन    समूह : प्रशासन    उप-समूह :

पद : अधिकृत प्रथम    स्तर : अधिकृत स्तर प्रथम

पाठ्यक्रमको रूपरेखा : यस पाठ्यक्रमका आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइनेछ :

प्रथम चरण : लिखित परीक्षा    पूर्णाङ्क : २००

द्वितीय चरण : (क) मामिला प्रस्तुतीकरण    पूर्णाङ्क : ४०

(ख) अन्तरवार्ता    पूर्णाङ्क : ३०

### १. प्रथम चरण : लिखित परीक्षा

| पत्र | विषय | प्रश्नको प्रकृति | प्रश्न संख्या | अङ्क भार | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| प्रथम | शासकीय प्रवन्ध र विकास | विषयगत : विश्लेषणात्मक र विवेचनात्मक | ५ | ५×१५=७५ | ३ घण्टा | १०० | ४० |
| | | विषयगत : विश्लेषणात्मक समस्या समाधानमूलक | १ | १ ×२५=२५ | | | |
| द्वितीय | सेवासम्बन्धी | विषयगत : विश्लेषणात्मक र विवेचनात्मक | ५ | ५×१५=७५ | ३ घण्टा | १०० | ४० |
| | | विषयगत : विश्लेषणात्मक समस्या समाधानमूलक | १ | १ ×२५=२५ | | | |

### २. द्वितीय चरण : मामिला प्रस्तुतीकरण र अन्तरवार्ता

| क्र.सं. | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|
| क | मामिला प्रस्तुतीकरण | ४० | व्यक्तिगत प्रस्तुतीकरण | ४० मिनेट | |
| ख | अन्तरवार्ता | ३० | मौखिक | | |

**दृष्टव्य :**

१. यस पाठ्यक्रम अनुसार दुई पत्रको लिखित परीक्षा लिइने छ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्ने छ ।

३. प्रश्नहरू यथासम्भव नेपालको सन्दर्भमा सोधिने छ ।

४. विश्लेषणात्मक मूल समस्या समाधानको प्रश्न कुनै पनि पाठ्यांशबाट सोध्न सकिने छ । यसको उत्तर निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नु पर्ने छ :

क) पहिलो भागमा समस्याको पहिचान,

ख) दोस्रो भागमा समस्या समाधानका लागि मौजुदा सरकारी नीति र कार्यक्रम,

ग) तेस्रो भागमा समस्या समाधानका लागि सुझाव,

घ) चौथो भागमा सुझाव कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा समावेश भएको सम्झनु पर्दछ ।

६. प्रथम चरणको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको मामिला प्रस्तुतीकरणमा र अन्तरवार्तामा सम्मिलित गराइने छ ।

७. पहिलो चरणको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राप्ताङ्क र द्वितीय चरणको मामिला प्रस्तुतीकरणमा र अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी कायम भएको योग्यताक्रम अनुसार सिफारिस गरिने छ ।

८. प्रथम पत्र र द्वितीय पत्रका प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्ने छ अन्यथा परीक्षा रद्द हुनेछ ।

## प्रथम पत्र : शासकीय प्रबन्ध र विकास (अधिकृत प्रथम श्रेणीको लागी)    पूर्णाङ्क :१००

### १. शासकीय प्रबन्धका विविध पक्षहरू

१.१ शासकीय प्रबन्ध (Governance): अवधारणा, विशेषता र सूचकहरू ।

१.२ नयाँ सार्वजनिक शासकीय प्रबन्ध (New public governance) र यसका विविध पक्षहरू ।

१.३ व्यावसायिक शासकीय पद्धति (Corporate governance System) ।

१.४ संविधानवाद, संवैधानिक विकासक्रम र नेपालको वर्तमान संविधान ।

१.५ संघीय, प्रादेशिक र स्थानीय तह शासन (Federal, Provincial and Local Level Governance) ।

१.६ राज्यशक्तिको बाँडफाँड, शक्ति पृथकीकरण र सन्तुलन तथा नेपालमा यसको अभ्यास ।

१.७ लोकतान्त्रिक मूल्य मान्यता र नेपालमा यसको अवस्था ।

१.८ संघीय शासन प्रणालीमा अन्तर सरकार व्यवस्थापन (Inter-Governmental Management) र नेपालमा यसको अवस्था ।

**२. सार्वजनिक क्षेत्र व्यवस्थापन (Public Sector Management)**

२.१ सार्वजनिक क्षेत्र व्यवस्थापनका नवीनतम प्रवृत्तिहरू ।

२.२ सार्वजनिक व्यवस्थापनमा मानव पुँजी व्यवस्थापन ।

२.३ व्यवस्थापनका सिद्धान्तहरू र यसका नवीनतम प्रवृत्तिहरू ।

२.४ व्यवस्थापनका विविध पक्षहरू : उत्प्रेरणा, मनोबल, नेतृत्व, निर्णय प्रक्रिया, संगठनात्मक व्यवहार, समूहकार्य र समूह गतिशीलता, कार्य संस्कृति ।

२.५ विपद् व्यवस्थापन (Disaster Management), विवाद व्यवस्थापन (Conflict Management), परिवर्तन व्यवस्थापन (Change Management), सङ्कट व्यवस्थापन (Crisis management), जोखिम व्यवस्थापन (Risk Management), सहभागितामूलक व्यवस्थापन, तनाव व्यवस्थापन, सूचना व्यवस्थापन, स्रोत व्यवस्थापन, प्रविधि व्यवस्थापन ।

२.६ सार्वजनिक सेवामा नैतिक मूल्य र मान्यताहरू ।

२.७ सार्वजनिक उत्तरदायित्व, पारदर्शिता र नेपालमा यसको अवस्था ।

२.८ संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व ।

२.९ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन ।

२.१० सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहिता, नैतिकता र व्यावसायिकता ।

२.११ नेपालको सार्वजनिक प्रशासन, सुधारका प्रयास एवं चुनौती ।

२.१२ सार्वजनिक क्षेत्र व्यवस्थापनमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन प्रणाली ।

**३. विकास**

३.१ विकासको अवधारणा, यसका विविध पक्षहरू र नवीनतम उपागमहरू ।

३.२ विकास साझेदारहरू र तिनको भूमिका ।

३.३ विकासका आयामहरू - मानव विकास, गरिबी निवारण, जलवायु परिवर्तन, लैङ्गिक सवाल, विश्वव्यापीकरण, आर्थिक उदारीकरण, समावेशी विकास, आर्थिक कूटनीति, वैदेशिक सहायता, विविधता व्यवस्थापन ।

३.४ संघीय, प्रादेशिक र स्थानीय विकास योजना ।

३.५ दिगो विकास लक्ष्यहरू र नेपालको प्रयास ।

३.६ नेपालमा योजनाबद्ध विकास, उपलब्धि र चुनौतीहरू ।

३.७ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ।

३.८ आयोजना, परियोजन तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ।

३.९ जनसंख्या व्यवस्थापन र बसाइ सराइ सम्बन्धी सबालहरू ।

३.१० सार्वजनिक निजी साझेदारी ।

**४. सार्वजनिक वित्त व्यवस्थापन**

४.१ विश्व अर्थव्यवस्थाको स्वरूप, प्रवृत्ति र नेपालको अर्थ व्यवस्था ।

४.२ संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली ।

४.३ सार्वजनिक वित्त व्यवस्थापन : सार्वजनिक आय, व्यय तथा ऋण एवं वित्त नीति ।

४.४ नेपालका आर्थिक विकासका पक्षहरू : कृषि, उद्योग, पर्यटन, पूर्वाधार, पर्यावरण संरक्षण, वैदेशिक रोजगारी, विप्रेषण ।

४.५ वित्त नीति तथा मौद्रिक नीति, यी दुई बिचको अन्तरसम्बन्ध र अन्तरसरकारी वित्तीय व्यवस्थापन ।

४.६ सार्वजनिक वित्तीय उत्तरदायित्व र जिम्मेवारी ।

४.७ बजेटको सैद्धान्तिक पक्ष तथा नेपालमा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, मध्यमकालीन खर्च संरचना (MTEF)।

४.८ सार्वजनिक कोषको उपयोगमा नैतिक पक्ष ।

४.९ नेपालका सरकारी तथा सार्वजनिक संस्थानहरूको लेखा प्रणाली तथा लेखापरीक्षण ।

४.१० नेपालका सार्वजनिक संस्थानहरूमा स्रोत परिचालनको अवस्था र चुनौतीहरू ।

**५. सार्वजनिक सेवा प्रवाह व्यवस्थापन**

५.१ सार्वजनिक सेवाको अवधारणा, आधारभूत मान्यताहरू (Values), विशेषता, सेवाको प्रारूप निर्माण, व्यवस्थापन र चुनौती ।



क्रमशः

५.२ सरकार तथा सार्वजनिक संस्थानहरूबाट प्रवाह गरिने सेवाहरू ।
५.३ सेवाप्रवाहमा तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्व ।
५.४ सेवाको प्रभावकारिता मूल्याङ्कन तथा गुनासो व्यवस्थापन ।
५.५ नागरिक शिक्षा, नागरिक संलग्नता, सुशासन, नैतिकता, सदाचार र व्यावसायिकता ।
५.६ सार्वजनिक सेवाप्रवाहमा प्रविधिको प्रयोग, सोको अवस्था, संभावना र चुनौतीहरू

**६. विविध**

६.१ सामाजिक न्याय र सामाजिक सुरक्षा ।
६.२ संगठित अपराध : विद्युतीय अपराध (Cyber crime), मिलेमतो (Cartelling), एकाधिकार (Monopoly), भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण ।
६.३ विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, द्विपक्षीय सहयोग संस्थाहरू सम्बन्धी जानकारी ।
६.४ संयुक्त राष्ट्रसंघ र यसका एजेन्सीहरू (UNO and its Agencies), विश्वव्यापार संगठन (WTO)।
६.५ युरोपेली संघ (EU), दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको संगठन (ASEAN), दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC), क्षेत्रीय व्यापार प्रणाली (SAFTA, BIMIST-EC) ।

*नोट : सम्भव भएसम्म पाठ्यक्रमका सबै खण्ड/इकाईबाट प्रश्नहरु सोधिने छ ।*

**द्वितीय पत्र : सेवा सम्वन्धी ((अधिकृत प्रथम श्रेणीको लागी) पूर्णाङ्क : १००**

---

१. संघीय शासकीय व्यवस्थामा विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालन, विभिन्न तहका सरकारको बिचमा समन्वय र सहकार्य, दिगो स्रोत व्यवस्थापन, विद्यालय क्षेत्र विकास कार्यक्रम, दिगो विकासका लक्ष्यहरू ।

**२. राष्ट्रिय परीक्षा बोर्ड र विद्यालय शिक्षा**

२.१ नेपालमा माध्यमिक शिक्षासम्बन्धी नीति, रणनीति योजना तथा कार्यक्रमहरू ।
२.२ माध्यमिक शिक्षाको रोजगारीसँग सम्बन्ध ।
२.३ गरिबी निवारणमा माध्यमिक शिक्षाको भूमिका ।
२.४ राष्ट्रिय परीक्षा बोर्डको पृष्ठभूमि र महत्व ।
२.५ SEE/SLCE को परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी जानकारी ।
२.६ परीक्षा प्रणाली र Digital नेपालको अवधारणा ।
२.६ तथ्याङ्क प्रशोधन, विश्लेषण र प्रस्तुतीकरण सम्बन्धी जानकारी ।
२.७ राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीको आचरण, आर्थिक अनुशासन, दण्ड सजाय र सेवाको सुरक्षा ।
२.८ राष्ट्रिय परीक्षा बोर्डको संस्थागत संरचना र व्यवस्थापन, गुणस्तरीयता र प्रभावकारिता ।
२.९ चालू आवधिक योजनामा मानव संसाधन विकास र माध्यमिक शिक्षासम्बन्धी विषयहरू ।

**३. विद्यालय शिक्षामा वित्त व्यवस्था**

३.१ विद्यालय शिक्षामा वित्त व्यवस्था : अवधारणा, स्रोत, अनुदान व्यवस्थापन, उपयोग र लगानीको उपादेयता ।
३.२ राष्ट्रिय परीक्षा बोर्डको बजेट तथा कार्यक्रम ।

४. नेपाल सरकारका प्रमुख राष्ट्रिय नीतिहरूको विश्लेषणात्मक र समीक्षात्मक विवेचना ।

५. नेपालमा प्रशासन सुधारका प्रयासहरू ।

६. सार्वजनिक सेवाप्रवाह (Public Service Delivery)

६.१ सरकारी सेवामा सार्वजनिक पृष्ठपोषण ।
६.२ सार्वजनिक सेवाप्रवाहमा सुधार ।

७. संवैधानिक निकायहरू (अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग र प्राकृतिक स्रोत तथा वित्त आयोग आदि) को काम, कर्तव्य र अधिकार ।

८. संघीय शिक्षा र शैक्षिक विकेन्द्रीकरणको अवधारणा

८.१ विद्यालय शिक्षाको अनुमति/स्वीकृति सम्बन्धी ।
८.२ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना र परीक्षा प्रणाली
८.३ विद्यालय तहको परीक्षासम्बन्धी नीतिनियमहरू (नियमावली, विनियम, निर्देशिका) ।

९. सार्वजनिक संस्थानहरूको भूमिका र नेपालमा सार्वजनिक संस्थान व्यवस्थापन ।

१०. नेपालको विकासमा वैदेशिक सहायता तथा वैदेशिक लगानीको भूमिका, परिचालन र व्यवस्थापन ।

## ११. सेवासँग सम्बन्धित कानुनी व्यवस्था

११.१. शिक्षा ऐन, २०२८, राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ तथा राष्ट्रिय परीक्षा बोर्डको कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी विनियम, २०७६

११.२ सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४

११.३ वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४

११.४ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५

११.५ स्थानीय सरकार संचालन ऐन, २०७४

११.६ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

११.७ भ्रष्टाचार निवारण ऐन, २०५९

११.८ राष्ट्रिय शिक्षा नीति, २०७६

११.९ आयकर ऐन, २०५८

११.१० लेखा परीक्षण ऐन, २०७५

११.११ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

११.१२ आर्थिक कार्यविधि नियमावली, २०६४

११.१३ भ्रमण खर्च नियमावली, २०६४

११.१४ लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

११.१५ सूचनाको हक सम्बन्धी ऐन, २०६४

*नोट : सम्भव भएसम्म पाठ्यक्रमका सबै खण्ड/इकाईबाट प्रश्नहरु सोधिने छ ।*

॥ समाप्त ॥